Annex 7b

Disaster Management Policy
Final Draft

Submitted to

Government of Nepal, Ministry of Home Affairs
and
National Planning Commission

Jointly by

Nepal Centre for Disaster Management (NCDM)
Pulchowk, Lalitpur, Nepal
Tel: 00977-1-5530668,
Fax: 5528493
e-mail: ncdm@wlink.com.np

Oxfam GB - NEPAL
Country Programme Office
Jawalakhel, Lalitpur
GPO Box 2500, Kathmandu, Nepal
Tel: + 977-1- 553-0574 / 552-0586

Fax: + 977 - 1 - 552-3197
oxnepal@oxfam.org.uk

विपद् ब्यवस्थापन नीति

Disaster Management Policy

१. पृष्ठभूमि

नेपाल विपद्बाट प्रभावित भईरहने देश हो र हरेक वर्ष यसले विभिन्न प्रकारका विपद्हरूको सामना गरिरहनुपरेको छ । देशको भौगर्भिक, भौगोलिक तथा हावापानीजन्य अवस्थाले गर्दा बहुसङ्ख्यक नेपालीहरू हर समय एक वा अर्को विपद्को सम्भावित जोखिमयुक्त अवस्थाबाट गुज्रिरहेका हुन्छन् । प्रत्येक वर्ष विपद्बाट उल्लेख्य सङ्ख्यामा मानिसको निधनको साथै भौतिक पूर्वाधारहरूको ठूलो क्षति भईरहेको कुरा विगतका तीन दशकका उपलब्ध आँकडाहरूले प्रष्ट पार्दछ । नेपाल मनसुनी बाढी, पहिरो तथा महामारीबाट वर्षेनी प्रभावित हुने गरेको छ । यसका अतिरिक्त भूकम्प, आगलागी, सुख्खा, अनिकाल, हिमताल विष्फोटनबाट हुने बाढी, आँधीबेहरी, असिना, चट्याङ्ग, उष्ण तथा शितलहर आदि जस्ता विपद् तर्फ सदैव सङ्कटाभिमुख (vulnerable) समेत रहेको छ । देशमा विपद् दोहोरिदै जानु र यसबाट प्रतिकूल प्रभाव बढ्दै जानुमा विविध प्राकृतिक एवं मानवजन्य कारणहरू जिम्मेवार छन् । नदी किनारा एवं बगरहरूको अतिक्रमण, डाँडा पाखाका जलाधारक्षेत्रहरूमा योजना बेगर भू-उपयोग गर्ने प्रवृत्तिले विपद्को दुष्प्रभावलाई बढाउँदै भूक्षयजन्य समस्या अझ चर्को बन्दै गएको छ । बारम्बार घटिरहने विपद्ले गर्दा देशको विकास प्रयास तथा गरिबी निवारण कार्यक्रमलाई नकारात्मक असर परिरहेको छ । त्यसकारण जिउधनको सुरक्षार्थ तथा विकासको प्रतिफललाई दिगो राख्न विपद् जोखिम न्यूनीकरणलाई विकास योजनाको मूलधारमा समावेश गराउने तर्फ बढी केन्द्रीत हुनु आवश्यक हुने देखिन्छ ।

मुलुकमा विपद्को प्रभावलाई कम गर्न (क) जनचेतनाको कमि, (ख) अपर्याप्त पूर्वतयारी कार्य, (ग) सम्वद्ध संस्थाहरूबीच समन्वयको कमि, (घ) अपुग वित्तीय स्रोत, र (ङ) समुदायमा विद्यमान ज्ञान, सीप तथा विपद्को सामना गर्न सक्ने क्षमताको सिमीत प्रयोग, आदि तत्वहरू वाधक बनेका छन । देशका केही भागमा कार्यान्वयन गरिएको समुदायमा आधारित विपद् व्यवस्थापन कार्यक्रमहरू प्रभावकारी पाइएकाले यस्तो कार्यक्रमहरू अन्य क्षेत्रहरूमा पनि पुनरावृत्ति गर्दै लानु उपयुक्त हुने देखिन्छ । बहुसङ्ख्यक पिछडिएका समूहहरू संकटाभिमुख क्षेत्रमा बसोवास गर्ने हुनाले विपद्बाट बढी रूपमा प्रभावित हुने गरेको पाइएको छ । विपद् व्यवस्थापन क्षेत्रमा हालसम्म उद्धार तथा राहत कार्यले मात्र बढी प्राथमिकता पाइरहेको स्पष्ट छ । तसर्थ, पूर्वतयारी, पुनर्स्थापना तथा पुनर्निर्माणसम्बन्धी कार्यहरूलाई पनि आगामी दिनमा पर्याप्त मात्रामा सम्बोधन गरिनु पर्ने देखिन्छ ।

२. दीर्घकालीन सोच

नेपाललाई विपद्बाट सुरक्षित देशका रूपमा रूपान्तरण गरिने छ ।

३. उद्देश्यहरू

१. विपद् व्यवस्थापन सम्बन्धी हरेक तहका कार्यहरूलाई प्रभावकारी रूपमा सम्बोधन गर्दै धनजनको सुरक्षा एवं हुनसक्ने क्षतिबाट जोगाउन सङ्कट व्यवस्थापन (Hazard Management), सङ्कटाभिमुखता एवं विपद्को जोखिमको न्यूनीकरण (Disaster Risk Reduction) सम्बन्धी कार्यहरू सन्चालन गरी जनसमुदायको दु:खलाई कम गर्ने,

२. प्रभावकारी विपद् व्यवस्थापनका माध्यमबाट गरिबी निवारणमा योगदान पुऱ्याउने,

३. विपद् जोखिम न्यूनीकरणसम्बन्धी कार्यलाई प्राथमिकताकासाथ मुलुकको विकास कार्यलाई दिगो बनाउने मूलधारमा समाहित गराउने र विकास आयोजनाहरूको चयन गर्दा विपद् व्यवस्थापनसम्बन्धी विषयहरूलाई समेत अनिवार्य रूपमा समावेश गर्ने ,

४. विपद्बाट वातावरणमा पर्ने प्रभावलाई कम गर्ने तथा भूकम्प एवं बारम्बार पर्न आउने जल उत्पन्न, खडेरी, पहिरो, आगलागी, महामारी, चट्याङ्ग, उष्ण तथा शितलहर आदिको नियन्त्रण वा त्यसबाट हुने प्रभावलाई कम गर्ने,

५. ज्ञानमा आधारित पूर्वतयारीका कार्यक्रमहरूद्वारा विपद्को प्रभाव कमगर्न जनसमुदायहरूको विपद् सामना गर्न सक्ने क्षमता (Coping Capacity) लाई सशक्त बनाउने,

६. देशको विपद् सम्बन्धी शासन व्यवस्था (Governance) मा सुधार ल्याउने ।

४. रणनीति

उपर्युक्त उद्देश्यको परिपूर्तिका लागि निम्न रणनीतिहरू अवलम्बन गरिने छन् :

१. विपद् सम्बन्धी पूर्वतयारी तथा न्यूनीकरण क्रियाकलापमा जोड दिने,

२. भरपर्दो एवं प्रभावकारी उद्धार तथा राहत कार्य सुनिश्चित गर्ने,

३. प्रभावित जनसमुदायको जीवनवृत्तिलाई पूर्वस्थितिमा ल्याउन एवं पुनर्स्थापना तथा पुनर्निर्माण कार्यलाई समयमा सम्पन्न गर्न सघाउने,

४. विपद् सम्बोधन (Disaster Response) सम्बन्धी क्रियाकलापमा प्रभावित जनसमुदायको अधिकारमा आधारित पद्धति अवलम्बन गर्ने,

५. जनसमुदायलाई विपद्बाट जोगाउनका लागि उपलब्ध उन्नत प्रविधिको प्रयोग गर्ने ।

६. गरिब, सीमान्त तथा विशेष ध्यान दिन आवश्यक जनसमुदायलाई विपद्बाट जोगाउन विशेष व्यवस्था गर्ने तथा तिनीहरूको जीवनवृत्तिलाई पुनर्स्थापना गर्न आयमूलक अवसरहरू प्रदान गर्ने,

७. विपद् व्यवस्थापन सम्बन्धी कार्यहरूलाई राष्ट्रिय विकास नीति, योजना तथा कार्यक्रमहरूको एक आथिक पक्षको रूपमा अवलम्बन गरी समावेश गर्ने,

८. राष्ट्रिय तथा क्षेत्रगत विपद् व्यवस्थापन सम्बन्धी योजनाहरू तर्जुमा एवं अद्यावधिक गर्ने,

९. विकास आयोजनाहरूमा विपद् प्रभाव मूल्याङ्कन (Disaster Impact Assessment) व्यवस्था लागू गर्ने,

१०. विभिन्न प्रकारका विपद्सम्बद्ध सङ्कटाभिमुख क्षेत्रका सङ्कट एवं जोखिम नक्साहरू (Hazard and Risk maps) तयार गर्ने,

११. विपद् प्रतिरोधात्मक भौतिक पूर्वाधारहरूको निर्माण गर्ने,

१२. प्राकृतिक स्रोत एवं वातावरणको संरक्षणलाई सुनिश्चित गर्न पानीको समुचित प्रयोग गर्ने,

१३. कृषि तथा खाद्य सुरक्षा, जीवनयापन, स्वास्थ्यसेवा, भौतिक पूर्वाधार, खानेपानी र सरसफाई, सूचना तथा सञ्चार, साधन तथा स्रोत व्यवस्थापन, लिङ्ग तथा सामाजिक समावेशीकरण, मानव संशाधन विकास र अन्य अन्तरसम्बद्ध विषयहरूमा विपद्सम्बन्धी प्रावधानहरूको सम्बोधनसहित विशेष क्षेत्रगत रणनीतिहरू विकास गर्ने,

१४. पूर्वाधार निर्माण एवं अन्य विकास क्रियाकलापहरू कार्यान्वयन गर्दा वातावरण मैत्री अवधारणाहरू अँगाल्दै विपद् हुन नदिने वा विपद्बाट हुन सक्ने क्षतिलाई न्यून गर्ने,

१५. विपद् व्यवस्थापनका क्षेत्रमा जनचेतना अभिवृद्धि गर्ने,

१६. विपद् व्यवस्थापन कार्यमा तल्लो तहसम्मका जनसमुदायले समेत सामना गर्ने क्षमताको प्रवलीकरण गर्न शिक्षा तथा तालिम प्रदान गर्ने,

१७. जनसमुदाय संलग्न विपद् व्यवस्थापन कार्यक्रमहरूलाई प्राथमिकता दिने,

१८. विपद् व्यवस्थापन क्रियाकलापलाई आर्थिक रूपले दिगो बनाउने,

१९. विपद् व्यवस्थापनको लागि प्रभावकारी कानुनी संयन्त्रको विकास गर्ने,

२० विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी तवरले कार्यान्वयन गर्नको लागि उपयुक्त संस्थागत संरचनाको विकास गर्ने,

२१. सहभागितामूलक प्रक्रियाको प्रवलीकरण गर्ने तथा सरोकारवालाहरूबीच सन्जालको विकास गर्न प्रोत्साहन गर्ने ।

५. नीति

विपद् व्यवस्थापनलाई राष्ट्रिय तथा स्थानीयतहको प्राथमिकता प्राप्त कार्यका रूपमा अँगाल्दै यसको दिगोपनाको सुनिश्चितता एवं कार्यान्वयनमा निरन्तरता प्रदान गरिने छ । विपद्को प्रभावलाई कम गर्न सुरक्षाको संस्कृति (Culture of Safety) को प्रवर्द्धनमा जोड दिनुका साथै स्थानीय सीप, स्रोत, क्षमता तथा प्रविधिको सम्मान एवं त्यसको सवलीकरण र अधिकतम उपयोगलाई प्रोत्साहन गरिने छ । जनसमुदायलाई सबै प्रकारको विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापको प्रवेश विन्दुको रूपमा लिइने छ ।

पूर्वतयारी, उद्धार तथा राहत र पुनर्स्थापना तथा पुनर्निर्माणजस्ता विपद् व्यवस्थापनका तीनवटै अवस्थामा सबै समुदायलाई र खास गरी विशेष ध्यान दिन आवश्यक समूहहरू जस्तै बालबालिका, महिला, ज्येष्ठ नागरिक, अन्य प्रकारले सक्षम (Disabled) तथा पिछडिएका वर्गलाई प्राथमिकता दिइने छ ।

विपद् व्यवस्थापनका सम्बन्धमा आफना प्रयासहरूलाई सघाउन नेपाल सरकारले राष्ट्रिय सरोकारवालाहरू, मित्रराष्ट्रहरू एवं अन्तर्राष्ट्रिय संघ, संस्थाहरूसँग सहकार्य गर्ने छ । नेपाल सरकारले अन्तर्राष्ट्रिय अवसरहरूमा गरेका सबै प्रतिवद्धताहरूको समेत पूर्ण सम्मान गर्ने छ ।

५.१ पूर्वतयारी तथा न्यूनीकरण

विपद्बारे जनमानसको चासो बढाउन सञ्चार, अन्तरक्रिया तथा सम्पर्क, शिक्षा तथा अन्य अनौपचारिक माध्यमको प्रभावकारी एवं अधिकतम उपयोग हुने गरी जनचेतना अभिवृद्धि कार्यक्रमहरू सन्चालन गरिने छन् । गैह्रसरकारी क्षेत्रका संस्थाहरू, नागरिक समाज, जनसमुदायमा आधारित संस्थाहरू र अन्य स्थानीय सामाजिक समूहहरूलाई यस्ता क्रियाकलापहरू सन्चालन गर्न प्रोत्साहन गरिने छ ।

विपद्को पूर्वतयारी, मौसमी अवस्था, विपद्को सम्भाव्यता एवं पर्नसक्ने प्रभावबाट जनसमुदायलाई जोगाउनका लागि सूचना प्रवाह गर्ने कार्यमा सञ्चार माध्यमको सन्जाललाई प्रभावकारिताका साथ उपयोग गरिने छ । विपद्को सम्भाव्य समयमा सञ्चारका सबै माध्यमहरूलाई चालु अवस्थामा राखिने छ ।

स्रोत केन्द्रको स्थापना गरी नेपाल सरकारले सूचना तथा सञ्चार सन्जाललाई प्रबल बनाउने छ ।

विपद्को समयमा उपयुक्त तवरले गर्नुपर्ने कार्यहरूकाबारेमा व्यक्ति एवं समुदायलाई सिकाउन विभिन्न प्रकारका पूर्वाभ्यास कार्यक्रमहरू सन्चालन गर्न जोड दिइने छ ।

विपद्को प्रभावलाई न्यून गर्नका लागि स्थानीय समुदायको सामना गर्न सक्ने क्षमता, पारम्परिक सीप एवं ज्ञानमा अभिवृद्धि तथा यसको विस्तार र समुदायमा आधारित कार्यक्रमहरूको कार्यान्वयनलाई प्राथमिकता दिइने छ । यसका अतिरिक्त, विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा उपलब्ध उपयुक्त उन्नत प्रविधिको प्रयोगलाई पनि बढावा दिइने छ ।

विपद्को सामना गर्न नसक्ने गरिब एवं सुविधाविहीन समुदायको रक्षार्थ विशेष कार्यक्रमहरू कार्यान्वयन गरिने छन् ।

देशभित्र पर्न सक्ने विपद्का घटनालाई निरन्तर रूपमा अनुगमन गर्न र अत्यावश्यक सेवाहरू जस्तै वारूण यन्त्र, एम्बुलेन्स र अन्य यन्त्र तथा उपकरणको परिचालन सुनिश्चित गर्न क्षेत्रीयस्तरमा सम्बोधन केन्द्रहरूको स्थापना गरिने छ । त्यसै गरी उपयुक्त स्थानहरूमा उद्धार तथा राहत सामग्रीहरू पर्याप्त मात्रामा भण्डारण गरिने छ । मुलुकको भू-उपयोग योजना तर्जुमा गरी कार्यान्वयन गरिने छ ।

विपद् सम्भाव्य क्षेत्रहरूको सङ्कट तथा जोखिम नक्साहरू, सङ्कटाभिमुखता एवं क्षमता मूल्याङ्कन, आदि स्थानीय तहसम्म नै तयार गरी कार्यान्वयन गरिने छ ।

विपद् पूर्वतयारी एवं जोखिम न्यूनीकरणका निमित्त पूर्वचेतावनी संयन्त्र लगायत भूकम्प विज्ञान, जल तथा मौसम विज्ञान तथा दूर संवेदन (Remote Sensing) प्रणालीका क्षेत्रमा अनुसन्धान कार्यलाई अगाडि बढाउन आवश्यक सुविधाहरूको विकास तथा विस्तार गरिने छ ।

नक्साङ्कन, भू-विभाजन, सूचना प्रणालीको सन्जाल, समुदायतहको तयारी, राहत तथा पुनर्स्थापना, जलसम्बद्ध विपद्हरूको न्यूनीकरणसम्बन्धी कार्यक्रमहरू सन्चालन गर्दै जल उत्पन्न विपद् व्यवस्थापन प्रणालीलाई पूर्ण रूपमा क्रियाशील, प्रभावकारी एवं जनसमुदायका आवश्यकताप्रति उत्तरदायी बनाइने छ ।

विपद्को समयमा सार्वजनिक तथा निजी क्षेत्रबाट पर्याप्त रूपमा स्वास्थ्यसेवा तथा सुविधा उपलब्ध हुने सुनिश्चित गर्न एवं सम्भावित महामारीलाई नियन्त्रण गर्न सबैतहका स्वास्थ्यक्षेत्रको पूर्वतयारी योजनाहरू तर्जुमा गरिने छन् ।

नदीका किनार तथा बगर एवं पहिरो जान सक्ने भिरालो क्षेत्र आदि जस्ता विपद् सम्भाव्यक्षेत्रका बस्तीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिने छ ।

५.२ खोजी, उद्धार, राहत तथा तात्कालीक सम्बोधन

सरोकारवालाहरूसित समेत परामर्श गरी केन्द्रीय तथा स्थानीयतहका क्रियाकलापहरूको लागि सम्बोधन कार्य योजनाहरू तत्काल तर्जुमा गरी तिनको कार्यान्वयनका साथै निरन्तर रूपमा अनुगमन समेत गरिने छ । यसै अनुरूप विपद्बाट भएको क्षतिको प्रारम्भिक मूल्याङ्कन पनि गरिने छ ।

सुरक्षाकर्मी, दक्ष मानिसहरूको समूह, राजनीतिक दल, स्थानीय निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्था, सामुदायिक संस्था, स्वयंसेवक समूह आदिका स्थानीय प्रतिनिधिहरूलाई संलग्न गरी खोजी तथा उद्धार टोलीहरू तत्काल परिचालन गरिने छन् ।

पर्याप्त रूपमा आवास तथा सरसफाइको व्यवस्था गरी बालबालिका, महिला, ज्येष्ठ नागरिक र अन्य प्रकारले सक्षम व्यक्तिहरूलाई प्राथमिकता प्रदान गर्दै सबै प्रभावित व्यक्तिहरूका लागि व्यक्तिगत सुरक्षा तथा आधारभूत सेवाहरूमा पहूँचको व्यवस्था मिलाइने छ ।

विपद्बाट प्रभावित व्यक्तिहरूलाई समयमै स्थानीयस्तरमा स्वास्थ्यसेवा एवं सुविधा उपलब्ध गराई वा आवश्यकतानुसार बढी सुविधासम्पन्न अस्पतालमा पुऱ्याई तिनीहरूलाई रोगब्याध, मृत्यु वा असक्षम हुनबाट जोगाउन तत्काल उद्धार गर्नु पर्ने समय (Golden Hour) को महत्वलाई महशुस गर्दै स्वास्थ्यसेवा कार्यहरू क्रियाशील बनाइने छ । आवश्यकतानुसार स्थानीय तहमै अस्थायी रूपमा अस्पताल एवं स्वास्थ्य शिविरहरू पनि स्थापना गरिने छन् । यस कार्यमा सरकारी एवं निजीक्षेत्रका स्वास्थ्य संस्थाहरूलाई पनि परिचालन गरिने छ ।

स्फेयर मापदण्डजस्ता अन्तर्राष्ट्रिय अभ्यासहरूलाई दृष्टिगत गर्दै नेपाल सरकारले आफनो राहत सामग्री प्याकेजको मापदण्ड तयार गर्ने छ र यी राहत प्याकेजहरू जात, धर्म, समुदाय, लिङ्ग आदिका आधारमा भेद

नगरी सबै प्रभावित व्यक्तिहरूलाई वितरण गरिने छ । प्रत्येक प्रभावित नागरिकहरूको यस्ता राहत प्याकेज तथा अत्यावश्यक सामग्रीहरू प्राप्त गर्ने अधिकार हुने छ ।

भरपर्दो एवं प्रभावकारी सञ्चार प्रणालीको स्थापना गरिने छ । विपद्को समयमा सही सूचना प्रसार गर्नका लागि सञ्चार माध्यमहरूलाई प्रोत्साहन गरिने छ ।

राहत वितरणको प्रभाकारिताका बारेमा निरन्तर अनुगमन गरी आवश्यकता अनुरूप सुधार गर्दै लगिने छ ।

५.३ पुनर्स्थापना तथा पुनर्निर्माण

विपद्को विस्तृत क्षति मूल्याङ्कनको आधारमा पुनर्स्थापना तथा पुनर्निर्माण योजना बनाई समयमै त्यस्ता योजना पूरा गरिने छ । पुनर्स्थापना तथा पुनर्निर्माण कार्य गर्दा उपयुक्त विपद् प्रतिरोधक प्रविधिको प्रयोगको सुनिश्चितता गरिने छ । साथै आवश्यकता अनुसार विपद् प्रभावित बस्तीलाई अन्यत्र सुरक्षित स्थानमा सार्न सकिने छ ।

विपद्बाट असर परेका समुदायको पुनर्स्थापनाका निमित्त तिनीहरूको निजी भवन तथा क्षतिग्रस्त सम्पत्तिको मरमत वा पुनर्निर्माणका लागि उपयुक्त आर्थिक अनुदान वा सहुलियतपूर्ण ऋण उपलब्ध गराइने छ । सबै प्रभावित जनसमुदाय र विशेषगरी गरिव, सीमान्त तथा विशेष ध्यान दिन आवश्यक वर्गको जीवनवृत्तिमा सुधार ल्याउनका निमित्त विभिन्न आयमूलक कार्यक्रमहरू सन्चालन गरिने छन् ।

विपद् प्रभावित व्यक्तिहरूलाई मनोसामाजिक परामर्शको सुविधा प्रदान गरिने छ । त्यस्ता प्रभावित व्यक्तिले पूर्ण लाभ नगरेसम्म स्वास्थ्यसम्बन्धी अन्य वैकल्पिक हेरचाह सुविधा प्रदान गरिने छ ।

नेपाल सरकारले विपद् प्रभावित समुदायको कृषिजन्य क्रियाकलापलाई पुनर्स्थापना गर्नका निमित्त आवश्यक कृषि सामग्री तथा प्रसार सेवाको व्यवस्था मिलाउने छ ।

५.४. योजना, कार्यक्रम तथा अनुगमन

विपद् जोखिम न्यूनीकरणसम्बन्धी कार्यलाई राष्ट्रिय तथा स्थानीयतहका विकास नीति, योजना तथा कार्यक्रममा समावेश गरिनुका साथै नियमित रूपमा अद्यावधिक गरिने छ ।

मुलुकको लागि एक विस्तृत विपद् व्यवस्थापन योजनाको तर्जुमा गरिने छ । नेपाल सरकारका विकास कार्यमा संलग्न विभिन्न निकायहरूलाई अन्तरसम्बद्ध विषयहरूलाई समेत समावेश गरी आ-आफना क्षेत्रगत विशेष विपद् व्यवस्थापन योजनाहरू बनाउन लगाइने छ । साथै गैह्रसरकारी क्षेत्रहरूलाई आ-आफना योजनाहरू बनाउन प्रोत्साहन गरिने छ । आवश्यकता अनुसार आपतकालीन योजनाहरू पनि तर्जुमा गरिने छन् ।

सबै नयाँ भौतिक पूर्वाधारहरू वातावरण मैत्री, भूकम्प तथा अन्य विपद् प्रतिरोधात्मक हुनुका साथै विपद् प्रभाव मूल्याङ्कनबाट योग्य ठहरिनु पर्ने छ । विपद् जोखिम न्यूनीकरणसम्बन्धी विषयहरू सबै विकास आयोजनाहरूमा अनिवार्य रूपमा समावेश गरिने छ । साथै विद्यमान आवासीय भवनहरू, अन्य भौतिक पूर्वाधारहरू, विद्यालय, अस्पताल तथा कार्यालयजस्ता सार्वजनिक भवनहरूको सवलीकरण (Retrofitting) लाई प्राथमिकता दिइने छ ।

विपद्सम्बद्ध तथ्याङ्क तथा विवरणहरूको सङ्कलन, संग्रह एवं वितरणको लागि एक भरपर्दो संयन्त्रको विकास गरिने छ ।

५.५. मानव संसाधन विकास

विपद् व्यवस्थापनमा कार्यरत संस्थाहरूको संयुक्त क्रियाकलापलाई बढी प्रभावकारी हुने गरी समन्वय गरिने छ ।

पूर्वतयारी, उद्धार, राहत, स्वास्थ्यसेवा, जोखिम तथा क्षमता मूल्याङ्कन र अन्य सम्बन्धित विषयहरूमा विशेष गरी स्थानीयतहमा तालिम सन्चालन गरिने छ । विपद् व्यवस्थापनसम्बन्धी प्रशिक्षण तथा अनुसन्धान कार्यहरू सन्चालन गर्नका लागि गैह्रसरकारी क्षेत्रलाई नयाँ संस्थाहरूको स्थापना गर्न प्रोत्साहन गरिने छ ।

औपचारिक शिक्षामा विपद् सम्वन्धी पाठ्यक्रमलाई समावेश गर्न शिक्षण संस्थाहरूलाई प्रोत्साहन गरिने छ ।

विपद्सम्वन्धी ज्ञानको अभिबृद्धिका लागि निरन्तर रूपमा प्रयासहरू गरिने छन् । यस सन्दर्भमा, विश्व घटना, प्रविधि, हावापानी परिवर्तन तथा अन्य सम्वद्ध विषयहरूको निरन्तर अनुगमन गर्दै अद्यावधिक रूपमा जानकारी राखिने छ ।

६. वित्तिय व्यवस्था

विपद् व्यवस्थापनसम्बन्धी कार्यहरू सन्चालन गर्नका लागि हर समय आर्थिक स्रोतको उपलब्धताको सुनिश्चिय गरिने छ ।

विपद् व्यवस्थापन कार्यमा लाग्ने खर्च नेपाल सरकार तथा सहयोग प्राप्त गर्ने समुदाय दुबैका तर्फबाट व्यहोरिने प्रणालीको विकास गरिनेछ । यी कार्यहरूका लागि थप आर्थिक स्रोतहरू जुटाउन लघुवित्त, ऋण, बण्ड तथा कर बचत जस्ता नयाँ कार्यक्रमहरू पहिल्याइने छन् ।

विपद्सम्बन्धी बीमा कार्यक्रमहरूको सन्चालनलाई प्रोत्साहन गरिने छ ।

संस्था तथा व्यक्तिहरूद्वारा विपद्बाट प्रभावित व्यक्ति वा विपद् व्यवस्थापनसम्बन्धी कार्यका लागि प्रदान गरिएको सहयोग रकममा कर छुट दिइनेछ ।

७. शासन व्यवस्था

७.१. कानुनी संयन्त्रहरू

विपद् व्यवस्थापनसम्बन्धी एउटा नयाँ तथा विस्तृत ऐन कार्यान्वयनमा ल्याइने छ र तदनुरूप आवश्यक नियम एवं विनियमहरू पनि लागू गरिनेछन् । त्यसैगरी विभिन्न ऐन तथा नियममा विपद्का सम्बन्धमा विद्यमान दोहोरोपनालाई पनि सच्याइनेछ ।

नीति, योजना, नियम, संहिता (जस्तै आगलागी, भवन निर्माण संहिता आदि) कार्यान्वयन प्रणाली एवं निर्देशिकाहरूको तर्जुमा तथा अद्यावधिक गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

७.२. संस्थागत व्यवस्था

विपद् व्यवस्थापनसम्बन्धी नीति, योजना तथा अन्य प्रक्रियागत कार्य लगायत सम्बद्ध सबै विषयहरूको तर्जुमा, कार्यान्वयन, सुपरीवेक्षण तथा अनुगमन गर्ने गरी केन्द्रीय तहमा एक स्वायत्त एवं तालुकवाला (Nodal) संस्थाका रूपमा विपद् व्यवस्थापन परिषद् स्थापना गरिनेछ । परिषद्को अध्यक्षता प्रधानमन्त्रीले गर्ने छन् र कार्यकारी निर्देशकले परिषद्को सदस्य सचिवको रूपमा कार्य गर्नेछन् । परिषद्को सचिवालय काठमाडौंमा रहनेछ र यसले प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमार्फत नेपाल सरकारसंग सम्पर्क कायम गर्नेछ । परिषद्को गठन अनुसूची १ मा उल्लेख गरिएको छ ।

स्थानीय विकास, गृह, र भौतिक योजना तथा निर्माण मन्त्रीहरूको संयोजकत्वमा (क) पूर्वतयारी, (ख) उद्धार तथा राहत, (ग) पुनर्स्थापना तथा पुनर्निर्माणसम्बन्धी तीनवटा समितिहरूगठन गरिनेछन् । यी समितिहरूले स्वतन्त्रतापूर्वक आफनो कार्य गर्नेछन् । परिषद्को कार्यकारी निर्देशकले यी तीनवटै समितिहरूको सदस्य सचिवको रूपमा कार्य गर्नेछ । समितिहरूको गठन अनुसूची २ मा उल्लेख गरिएको छ ।

स्थानीयतहमा सबै जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समितिहरू गठन गरिनेछन् । यी समितिहरू आफनो जिल्लाभित्रका विपद् व्यवस्थापनसम्बन्धी सम्पूर्ण कार्यहरू सन्चालन गर्नका लागि जिम्मेवार हुनेछन् । जिल्ला विपद् व्यवस्थापन समितिलाई आवश्यकता अनुसार उपसमितिहरू गठन गर्न सक्ने अधिकार हुनेछ । जिल्ला विपद् व्यवस्थापन समितिमा अन्य सदस्यहरूका अतिरिक्त जिल्ला विकास समितिका सभापति वा निजले मनोनयन गरेका व्यक्ति समेत सदस्य र स्थानीय विकास अधिकारी सदस्य सचिवको रूपमा रहनेछन् । जिल्ला विपद् व्यवस्थापन समितिको गठन अनुसूची ३ मा उल्लेख गरिएको छ

स्थानीयस्तरमा विपद् व्यवस्थापनसम्बन्धी कार्यहरूको कार्यान्वयन, समन्वय तथा सुपरीवेक्षण गर्नका लागि सबै सरकारी कार्यालयहरूमा र विशेष गरी जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति एवं गाउँ विकास समितिमा समेत विपद् व्यवस्थापनसम्बन्धी जिम्मेवार एकाइहरू स्थापना गरिनेछन् ।

नगर वा गाउँस्तरमा स्थानीय विपद् व्यवस्थापन समितिहरू गठन गरिने छन् । स्थानीय विपद् व्यवस्थापन समितिको अध्यक्षतासम्बन्धित नगरपालिकाका प्रमुख वा गाउँ विकास समितिका अध्यक्षले गर्नेछन् । स्थानीय विपद् व्यवस्थापन समितिले आवश्यकता अनुसार वडास्तरीय उपसमितिहरू गठन गर्न सक्नेछ । यस्ता समिति एवं उपसमितिहरूमा महिला तथा पिछडिएका वर्गलाई अध्यक्ष बन्न वा संलग्न हुन प्राथमिकता दिइनेछ । स्थानीय विपद् व्यवस्थापन समितिको गठन अनुसूची ४ मा उल्लेख गरिएको छ ।

विपद्का अवस्थामा आवश्यकता अनुसार विपद् व्यवस्थापन, खोजी तथा उद्धार, क्षति मूल्याङ्कन एवं चिकित्सा सम्वोधनसम्बन्धी टोलीहरू र अन्य स्वयंसेवक समूहहरू सबै तहमा गठन गरी तत्कालै परिचालन गरिनेछ ।

नेपाल सरकारले विपद् व्यवस्थापनका सम्पूर्ण क्षेत्रहरूमा कार्यरत स्थानीय निकायहरू, नेपाल रेडक्रस सोसाइटी, समुदायमा आधारित संस्थाहरू, समुदायहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्थाहरू, निजी क्षेत्र, नागरिक समाज, प्राज्ञिक समुदाय तथा पेशागत विज्ञहरूको सहयोग तथा सहभागिता जुटाउनेछ । तिनीहरूको भूमिकालाई स्पष्टताका साथ कानुनी रूपमै परिभाषित पनि गरिने छ । विपद व्यवस्थापनको क्षेत्रमा प्रभावकारी सन्जालहरू विकास गरी सहभागितामूलक प्रक्रियालाई थप सवलीकरण गरिनेछ ।

गृह मन्त्रालय, जल उत्पन्न प्रकोप नियन्त्रण विभाग, जलवायु तथा मौसम विज्ञान विभाग, खानी तथा भूगर्भ विभाग, सिंचाइ विभाग, स्वास्थ्यसेवा विभाग, कृषि विभाग, सडक विभाग, शहरी विकास तथा भवन निर्माण विभाग, आदिहरू बीच प्रभावकारी समन्वय स्थापना गरिनेछ ।

७.३ सन्चालन प्रक्रिया

विकेन्द्रीकरण, अधिकार निक्षेपण तथा सरोकारबालाहरूको सक्रिय सहभागितानै विपद् व्यवस्थापन कार्यको सन्चालनको प्रारूप हुनेछ ।

विपद् व्यवस्थापनको सबै तहमा सहज एवं प्रभावकारी रूपमा कार्यक्रमहरूको कार्यान्वयन गर्नका लागि निश्चित सन्चालन मापदण्ड तथा निर्देशिकाहरूको तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

आपतकालीन समयका लागि सन्चालन प्रक्रियालाई सहज बनाइनेछ । दाताहरूबाट प्राप्त हुने राहत सामग्रीको आयातमा भन्सार छुट एवं जाँच प्रक्रियालाई पनि सरल बनाइनेछ ।

विपद् व्यवस्थापनसित सम्बन्धित सबै कार्यहरू एकै स्थानबाट गरिने नीति नेपाल सरकारले अवलम्बन गर्ने छ ।

नेपाल सरकारले प्रत्येक मन्त्रालयमा विपद्सम्वन्धी विषयहरू हेर्न एउटा एकाइको व्यवस्था गर्नेछ जसले विपद् व्यवस्थापन परिषद्सित निकटतम रूपमा सम्पर्कमा रही कार्य गर्नु पर्नेछ । संन्चालन प्रक्रियाको सचित्र वर्णन अनुसूची ५ मा उल्लेख गरिएको छ ।

अनुसूची १

विपद् व्यवस्थापन परिषद्

क.	प्रधानमन्त्री	अध्यक्ष
ख.	गृहमन्त्री	उपाध्यक्ष
ग.	रक्षामन्त्री	सदस्य
घ.	स्थानीय विकासमन्त्री	सदस्य
ङ.	भौतिक योजना तथा निर्माणमन्त्री	सदस्य
च.	उपाध्यक्ष, राष्ट्रिय योजना आयोग	सदस्य
छ	प्रधान सेनापति, नेपाली सेना	सदस्य
ज.	मुख्य सचिव	सदस्य
झ.	गृहसचिव	सदस्य
ञ.	अर्थसचिव	सदस्य
ट	स्वास्थ्य तथा जनसङ्ख्यासचिव	सदस्य
ठ.	महिला, बालबालिका तथा समाज कल्याणसचिव	सदस्य
ड.	जलश्रोतसचिव	सदस्य
ढ.	वन तथा भू-संरक्षणसचिव	सदस्य
ण	वातावरण, विज्ञान तथा प्रविधिसचिव	सदस्य
त.	सूचना तथा सञ्चारसचिव	सदस्य
थ.	उद्योग, वाणिज्य तथा आपूर्तिसचिव	सदस्य
द.	महानिरीक्षक, नेपाल प्रहरी	सदस्य
ध.	महानिरीक्षक, सशस्त्र प्रहरी बल	सदस्य
न.	अध्यक्ष, नेपाल रेडक्रस सोसाईटी	सदस्य
प.	अध्यक्ष, जिल्ला विकास समिति महासंघ	सदस्य
फ.	अध्यक्ष, नगरपालिका महासंघ	सदस्य
ब.	अध्यक्ष, गाउँ विकास समिति महासंघ	सदस्य
भ.	अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ	सदस्य
म.	सदस्य सचिव, समाज कल्याण परिषद्	सदस्य
य.	प्रमुख आयुक्त, नेपाल स्काउट	सदस्य
र.	विपद् व्यवस्थापनसम्बन्धी कार्य गर्ने गैह्रसरकारी संघ संस्थाहरू मध्येबाट नेपाल सरकारले मनोनयन गरेका तीन जना प्रतिनिधि	सदस्य
ल.	नेपाल सरकारबाट मनोनित विपद् व्यवस्थापनसम्बन्धी प्राविधिज्ञ दुई जना	सदस्य
व.	कार्यकारी निर्देशक	सदस्य सचिव

अनुसूची २

विपद् व्यवस्थापन समितिहरू

(१) पूर्वतयारी व्यवस्थापन समिति

क.	स्थानीय विकासमन्त्री	संयोजक
ख.	राष्ट्रिय योजना आयोगका विपद् हेर्ने सदस्य	उप संयोजक
ग.	गृहसचिव	सदस्य
घ.	भौतिक योजना तथा निर्माणसचिव	सदस्य
ङ.	कृषि तथा सहकारीसचिव	सदस्य
च.	अर्थसचिव	सदस्य
छ.	सूचना तथा सञ्चारसचिव	सदस्य
ज.	शिक्षा तथा खेलकुदसचिव	सदस्य
झ.	स्थानीय विकाससचिव	सदस्य
ञ.	वातावरण, विज्ञान तथा प्रविधिसचिव	सदस्य
ट.	उपरथी, नेपाली सेना	सदस्य
ठ.	अतिरिक्त महानिरीक्षक, नेपाल प्रहरी	सदस्य
ड.	अतिरिक्त महानिरीक्षक, सशस्त्र प्रहरी बल	सदस्य
ढ.	महानिर्देशक, भू तथा जलाधार संरक्षण विभाग	सदस्य
ण.	महानिर्देशक, खानी तथा भूगर्भ विभाग	सदस्य
त.	महानिर्देशक, जलवायु तथा मौसम विज्ञान विभाग	सदस्य
थ.	महानिर्देशक, जल उत्पन्न प्रकोप नियन्त्रण विभाग	सदस्य
द.	महानिर्देशक, वन विभाग	सदस्य
ध.	महानिर्देशक, शहरी विकास तथा भवन निर्माण विभाग	सदस्य
न.	महानिर्देशक, स्वास्थ्य सेवा विभाग	सदस्य
प.	अध्यक्ष, नेपाल रेडक्रस सोसाईटी	सदस्य
फ.	सदस्य सचिव, समाज कल्याण परिषद्	सदस्य
व.	अध्यक्ष, जिल्ला विकास समिति महासंघ	सदस्य
भ	अध्यक्ष, नगरपालिका महासंघ	सदस्य
म.	अध्यक्ष, गाउँ विकास समिति महासंघ	सदस्य
य.	विपद् व्यवस्थापनसम्बन्धी कार्यमा संलग्न गैह्रसरकारी संघ संस्थाहरू मध्येबाट नेपाल सरकारले मनोनयन गरेका तीन जना प्रतिनिधि	सदस्य
र.	नेपाल सरकारबाट मनोनित विपद् व्यवस्थापन सम्वन्धी प्राविधिज्ञ दुई जना	सदस्य
ल.	कार्यकारी निर्देशक	सदस्य सचिव

(२) उद्धार तथा राहत व्यवस्थापन समिति

क.	गृहमन्त्री	संयोजक
ख.	स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री	उप संयोजक
ग.	भौतिक योजना तथा निर्माणमन्त्री	सदस्य
घ.	स्थानीय विकासमन्त्री	सदस्य
ङ.	रक्षासचिव	सदस्य
च.	गृहसचिव	सदस्य
छ.	अर्थसचिव	सदस्य
ज.	परराष्ट्रसचिव	सदस्य
झ.	उद्योग, वाणिज्य तथा आपूर्तिसचिव	सदस्य
ञ.	सूचना तथा सञ्चारसचिव	सदस्य
ट.	रथी, नेपाली सेना	सदस्य
ठ.	महानिर्देशक, खानी तथा भूगर्भ विभाग	सदस्य
ड.	महानिर्देशक, जल उत्पन्न प्रकोप नियन्त्रण विभाग	सदस्य
ढ.	महानिर्देशक, शहरी विकास तथा भवन निर्माण विभाग	सदस्य
ण.	महानिर्देशक, कृषि विभाग	सदस्य
त.	महानिर्देशक, पशु स्वास्थ्य सेवा विभाग	सदस्य
थ.	महानिरीक्षक, नेपाल प्रहरी	सदस्य
द.	महानिरीक्षक, सशस्त्र प्रहरी बल	सदस्य
ध.	अध्यक्ष, नेपाल रेडक्रस सोसाईटी	सदस्य
न.	अध्यक्ष, जिल्ला विकास समिति महासंघ	सदस्य
प.	अध्यक्ष, नगरपालिका महासंघ	सदस्य
फ.	अध्यक्ष, गाउँ विकास समिति महासंघ	सदस्य
ब.	अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ	सदस्य
भ.	प्रमुख आयुक्त, नेपाल स्काउट	सदस्य
म.	विपद् व्यवस्थापनसम्वन्धी कार्यमा संलग्न गैह्रसरकारी संघ संस्थाहरू मध्येबाट नेपाल सरकारले मनोनयन गरेका दुई जना प्रतिनिधि	सदस्य
य.	नेपाल सरकारबाट मनोनित विपद् व्यवस्थापनसम्वन्धी प्राविधिज्ञ दुई जना	सदस्य
र.	कार्यकारी निर्देशक	सदस्य सचिव

(३) पुनर्स्थापना तथा पुनर्निर्माण व्यवस्थापन समिति

क.	भौतिक योजना तथा निर्माणमन्त्री	संयोजक
ख.	विपद् हेर्ने राष्ट्रिय योजना आयोगका सदस्य	उप संयोजक
ग.	स्थानीय विकाससचिव	सदस्य
घ.	अर्थसचिव	सदस्य
ङ.	भौतिक योजना तथा निर्माणसचिव	सदस्य
च.	महानिर्देशक, कृषि विभाग	सदस्य
छ.	महानिर्देशक, जल उत्पन्न प्रकोप नियन्त्रण विभाग	सदस्य
ज.	महानिर्देशक, शहरी विकास तथा भवन निर्माण विभाग	सदस्य
झ.	महानिर्देशक, सिंचाई विभाग	सदस्य
ञ.	महानिर्देशक, वन विभाग	सदस्य
ट.	प्रतिनिधि, नेपाल राष्ट्र बैंक	सदस्य
ठ.	अध्यक्ष, नेपाल रेडक्रस सोसाईटी	सदस्य
ड.	विपद् व्यवस्थापनसम्बन्धी कार्य गर्ने गैह्रसरकारी संघ संस्थाहरू मध्येबाट नेपाल सरकारले मनोनयन गरेका दुई जना प्रतिनिधि	सदस्य
ढ.	नेपाल सरकारबाट मनोनित विपद् व्यवस्थापनसम्वन्धी प्राविधिज्ञ दुई जना	सदस्य
ण.	कार्यकारी निर्देशक	सदस्य सचिव

अनुसूची ३

जिल्ला विपद् व्यवस्थापन समिति

क.	प्रमुख जिल्ला अधिकारी	अध्यक्ष
ख.	जिल्ला विकास समितिको सभापति वा निजले जिल्ला विकास समितिको सदस्यहरू मध्येबाट मनोनयन गरेको व्यक्ति	सदस्य
ग.	नेपाल सरकारका जिल्लास्तरीय कार्यालयका प्रमुखहरू	सदस्य
घ.	जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरू	सदस्य
ङ.	जिल्लास्थित नेपाल रेडक्रस सोसाईटी कार्यालयका प्रमुख	सदस्य
च.	राष्ट्रियस्तरका राजनीतिक दलका जिल्लास्तरीय प्रतिनिधिहरू	सदस्य
च.	सभापति, जिल्ला उद्योग वाणिज्य संघ	सदस्य
छ.	प्रमुख, नगरपालिका	सदस्य
ज.	अध्यक्ष, गाउँ विकास समितिहरू मध्येबाट जिल्ला विकास समितिले मनोनयन गरेका तीन जना	सदस्य
झ.	जिल्लास्तरीय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संघ, संस्था, सामाजिक संघ संस्था तथा जिल्लाका प्रतिष्ठित समाजसेवीमध्येबाट प्रमुख जिल्ला अधिकारीले मनोनयन गरेका तीन जना	सदस्य
ञ.	जिल्ला अवस्थित विपद् व्यवस्थापनसम्बन्धी प्राविधिज्ञ मध्येबाट प्रमुख जिल्ला अधिकारीले मनोनयन गरेका दुई जना	सदस्य
ट.	स्थानीय विकास अधिकारी	सदस्य सचिव

अनुसूची ४

स्थानीय विपद् व्यवस्थापन समितिको गठन

क.	सम्बन्धित नगरपालिकाका प्रमुख/गाउँ विकास समितिका अध्यक्ष	अध्यक्ष
ख.	वडाअध्यक्ष मध्येबाट नगर/गाउँ परिषद्ले मनोनयन गरेका तीन जना वडा अध्यक्षहरू	सदस्य
ग.	विपद् परेका वडाको वडा अध्यक्ष	सदस्य
घ.	वडासदस्यहरू मध्येबाट नगर/गाउँ परिषद्ले मनोनयन गरेका दुई जना वडासदस्यहरू	सदस्य
ङ	राष्ट्रियस्तरका राजनीतिक दलका नगरपालिका र गाउँ विकास समितिस्तरीय प्रतिनिधि	सदस्य
च.	स्थानीय गैह्रसरकारी संस्था, सामुदायिक संस्था, सामाजिक संघ संस्था वा प्रतिष्ठित समाजसेवीमध्ये नगर/गाउँ परिषद्ले मनोनित गरेका तीन जना	सदस्य
छ.	स्थानीयस्तरमा उपलब्ध विपद् व्यवस्थापनसम्बन्धी विज्ञमध्ये नगर/गाउँ परिषद्ले मनोनयन गरेका दुई जना	सदस्य
ज.	नगरपालिकाका कार्यकारी प्रमुख/गाउँ विकास समितिका सचिव	सदस्य सचिव

अनुसूची ५

संचालन प्रक्रिया